नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
हेभी इक्विपमेन्ट डिभिजन, ईटहरी
सुचना नं: ०१/परामर्श/०८०/०८१

प्रथम पटक प्रकाशित मिति: २०८०/०८/०६

## सेवा करार खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्रको सूचना

यस कार्यालयको चल अचल सम्पत्ति समेतको चौविसै घण्टा सुरक्षा प्रदान गर्न सुरक्षा गार्ड तथा सरसफाईको सेवा आपूर्ति कार्य करारमा लिनु पर्ने भएकोले इच्छुक र नेपाल सरकारबाट ईजाजत प्राप्त सेवा प्रदायक फर्म/कम्पनी वा संस्थाहरुबाट निम्न बमोजिमको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र फारम खरिद गर्न यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखी १५ औं दिन (मिति २०८०।०८।२१ गते) कार्यालय समय भित्र देहायका कागजागहरुको प्रमाणित प्रतिलिपीका साथ नियमानुसार लाग्ने दस्तुर रु १,०००/०० (फिर्ता नहुने गरी) को नगदी रसिदका साथमा निवेदन पेश गरेपछि यस कार्यालयबाट दरभाउपत्र प्राप्त गर्न सकिनेछ ।
- अधावधिक फर्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
- मु.अ.करमा दर्ता भएको (स्थायी लेखा दर्ता) प्रमाण पत्रको प्रमाणित प्रतिलिपी
- आ. व. २०७९/०८० सम्मको कर चुक्ता प्रमाण पत्र वा म्याद थपको प्रमाणित प्रतिलिपी
- फर्मले कार्य सञ्चालन गर्न सम्वन्धित निकायबाट प्राप्त गरेको प्रमाणित प्रतिलिपी । (म्याद अधावधिक भएको हुन पर्ने)
- कुनै सरकारी कार्यालय, कूटनैतिक नियोग वा सार्वजनिक संस्था/निकाय मा सन्तोषजनक रुपमा कम्तिमा २ (दुइ) वर्ष सम्वन्धित सेवा उपलब्ध गराएको कार्य अनुभवको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

२. सिलबन्दी दरभाउपत्रपत्र साथ दरभाउपत्र जमानत वापतको रकम रु. २७,०००/०० (सताइस हजार मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालय सुनसरीको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक,सुनसरी,इनरुवा स्थित धरौटी खाता नं.२२२०१००१०२०३००००मा यस डिभिजनको कोड नं.३३७०११४०६ उल्लेख गरी जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बैंक बाट दरभाउपत्र पेश गर्ने अन्तिम मितिले कम्तीमा ७५ दिन अवधिको यस डिभिजनको नाममा जारी भएको बैंक जमानीपत्र (Unconditional Bid Bond) दरभाउपत्र फारम साथ पेश गर्नुपर्नेछ ।यसरी पेश गरिने जमानत बापतको बैंक भौचर ,रसिद वा बैंक जमानीपत्र यो सुचना प्रकाशित भएको मिति पछिको हूनूपर्नेछ ।

३. खरिद गरिएका दरभाउपत्रहरु सिलबन्दी गरी प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ औं दिन (मिति २०८०।०८।२२ गते) दिनको १२:०० बजेभित्र यस कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ । रित नपुगेको र म्याद नाघी आएका दरभाउपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

४. दाखिला हुन आएका दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको १४:०० वजे यस कार्यालयमा दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।तर निजहरुको अनूपस्थितीमा पनि दरभाउपत्रहरु खोल्न बाधा पर्ने छैन ।

५. दरभाउपत्र फारम खरिद गर्ने, दरभाउपत्र फारम पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्य कार्यालय खुलेको दिन उपरोक्त तोकिएको समयमा सम्पन्न हुने छ । दरभाउपत्र आंशिक वा पूर्णरुपले कुनै कारण जनाई वा नजनाई स्विकृत गर्ने वा नगर्ने वा सूचना नै रदद् गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. दरभाउपत्रदाताले कबोल गरेको ईकाइ दररेट तथा कूल रकम, अंक र अक्षरमा प्रस्ट हुनेगरी उल्लेख गर्नुपर्नेछ ।दररेटमा उल्लेखित अंक र अक्षरमा फरक फरक पर्न गएमा अक्षरमा लेखिएको र दररेट अनुसार हुने कुल रकम कायम हुनेछ ।

७. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८. अन्य कार्यविधिहरु अधावधिक सार्वजनिक खरिद ऐन , सार्वजनिक नियमावली तथा नेपाल सरकारका प्रचलित कानुन बमोजिम हुनेछन्

| सि.नं. | ठेक्का नं. | विवरण | आवश्यक संख्या | दरभाउपत्र फारम दस्तुर रु. | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | सुचना नं: ०१/ परामर्श/०८०/०८१ | सुरक्षा गार्ड तथा सरसफाईको सेवा आपूर्ति कार्य | ५ (पांच) जना | १,०००/- | २७,०००।०० | विस्तृत विवरण दरभाउ पुस्तिकामा उल्लेख गरिएको छ। |

CamScanner